

# बाल अधिकार/बाल अधिकार सम्बन्धी महासन्धि

एलिना भण्डारी
नेशनल एकडेमी वानेश्वर

भविष्यका कर्णधार बालबालिकाहरु शरीरिक तथा मानसिक रुपमा परिपक्क नहुने हुँदा यिनीहरुलाई विषेश स्याहार र सुविधाको आवश्यकता पर्दछ । यिनीहरुलाई संरक्षण प्रदान गर्नु बाँच्नका लागि चाहिने आधारभूत कुराहरुको व्यवस्था गर्नु, शिक्षा प्रदान गर्नु, स्वास्थ सेवा पुचाउनु, खेल मनोरञ्जन र आराम गर्न दिनु, माया स्नेह गर्नु तथा हेला दुर्व्यवहार र शोषणबाट जोगाउनु पर्दछ । शान्ति, समझदारी र सुरक्षापूर्ण वातावरणमा असल शिक्षा हासिल गर्दै स्वस्थ भएर आफ्नो बाल्याकाल बिताउन पाउनु प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो । बाल अधिकार भनेको बालबालिकालाई सामाजिक असुरक्षा, अशिक्षा , अवहेलना, तिरस्कार, शोषण र उत्पीडनको विरूद्धमा संरक्षण प्रदान गर्दै तिनको बालापन सुनिश्चित गर्नु हो । बालबालिका स्वयंले आफ्नो अधिकार लिन नसक्ने हुँदा उनिहरुको अधिकार संरक्षण गर्नु वयस्कहरूको दायित्व हो । संक्षिप्तमा भन्नु पर्दा बालअधिकार भनेको बालबालिकाको बाँच्न पाउने, विकाश गर्न पाउने, सामाजिक गतिविधिमा सहभागी हुन पाउने अधिकारको समष्टिगत रूप हो ।

बाल बचाउ संस्थाकी संस्थापिका एग्लैन्टाईन जेवले नै सर्वप्रथम बालअधिकार सम्बन्धी अवधारणालाई अगाडी ल्याएकी थिईन । बालबालिकाको लागि केही अधिकारको माग गर्नुपर्दछ र ती अधिकारहरूलाई विश्वभरीबाट मान्यता प्रदान गराउनका लागि खटेर लाग्नुपर्दछ भन्ने सोचलेनै जेवले बालअधिकारको बीउ सन् १९२३ मा यसरी रोपेकी थिईन । उनैले रोपेको बीउ बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको रूपमा हुर्केको छ । उनले नै सबैभन्दा पहिले बालअधिकार सम्बन्धी ६ वटा सन्देशहरू तयार पारेकी थिईन । प्रथम विश्वयुद्धले सिर्जना गरेको धन, जन र प्रकृतिकै विनाशले यस पृथ्वीमा भय र त्रासको वातावरण मात्र फैलाएन, यसले भावी सन्तती को जन्म र विकासमा समेत ठुलो संकट पैदा गरायो । युद्धमा विस्फोटित बम, बारूद, गोली र धुवाले सबैभन्दा बढी बालबालिकालाई नै प्रभाव पार्‍यो । त्यसैले भविष्यका सिर्जना बालबालिकाहरुलाई कसरी जोगाउने र उनीहरुको विकास संरक्षण र सम्बर्द्धन कसरी गर्ने भन्ने सन्दर्भमा जेवले बाल अधिकार सम्बन्धी अवधारणाको सुत्रपात गरेकी थिईन ।

सन् १९२३ मा नै बालबचाउ संस्थाले अन्तर्राष्ट्रिय युनियन बाट मान्यता पाएको थियो । सोही वर्ष बालबचाउ अन्तर्राष्ट्रिय युनियनले बालअधिकार घोषणापत्रलाई अगाडी सार्‍यो । जसलाई नै “जेनेभा घोषणापत्र” पनि भन्ने गरिन्छ । त्यसको १ बर्ष पछि सन् १९२४ मा संयुक्त राष्ट्रसंघको पाँचौ महासभाले आफ्ना सदस्य राष्ट्रहरुलाई "जेनेभा घोषणापत्र" लाई अनुमोदन गर्न आवह्वान गर्दै यसलाई पारित समेत गर्‍यो । तत्पश्चात् सन् १९४८ मा आएर नव स्थापित संयुक्त राष्ट्रसंघले मानव अधिकार सम्बन्धी घोषणापत्रमा बालअधिकार सम्बन्धी अवधारणालाई अझै विस्तार गरी

समावेश गऱ्यो । त्यसैगरी सन् १९५९ नोभेम्वर २० तारिकको दिन संयुक्त राष्ट्र महासभाले बाल अधिकार सम्बन्धी १० बुँदे अवधारणालाई "बालअधिकार सम्बन्धी विश्व घोषणापत्र " को रुप दियो । यो अन्तर्राष्ट्रिय प्रयास नै बालअधिकार सम्बन्धी विश्वको पहिलो घोषणापत्र समेत रहेको थियो ।

त्यसैगरी सन् १९७९ मा संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय बाल वर्ष घोषणा गऱ्यो । सोही वर्ष मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र आयोगले बाल अधिकार सम्बन्धी महासन्धि बारे पोल्याण्डको प्रस्तावनालाई अध्ययन र समीक्षा गरी अन्तिम मस्यौदा-पत्र तयार गर्न कार्यदल गठन गऱ्यो । सोही कार्यदललाई आवश्यक सहयोग गर्न सन् १९८३ मा विभिन्न "गैरसरकारी संस्था तदर्थ समिति" गठन भई महासन्धिको अन्तिम मस्यौदामा महत्वपुर्ण योगदान गऱ्यो । साथै सन् १९८९ मा उक्त कार्यदलले आफ्नो मस्यौदापत्र संयुक्त राष्ट्र मानव अधिकार आयोग समक्ष प्रस्तुत गऱ्यो । नोभेम्बर २० तारेखका दिन बाल अधिकार घोषणापत्रको ३० औं वार्षिककोत्सवको सन्दर्भमा महासभाले बालअधिकार सम्बन्धी महासन्धिलाई पारित गऱ्यो । सो दिनलाई  संयुक्त राष्ट्र संघ लगाएत विश्वभरीनै "अन्तर्राष्ट्रिय बालअधिकार दिवस" का रुपमा मनाइदै आइएको छ । नेपालमा पनि उक्त दिन बालअधिकार सम्बन्धी विभिन्न कार्यक्रम गरी मनाइन्छ ।

बालअधिकार सम्बन्धी महासन्धि राज्य राज्यबीचको एक सम्झौता-पत्र पनि हो । संयुक्त राष्ट्र संघका २० सदस्य राष्ट्रहरुले राज्यपक्षको रुपमा अनुमोदन गरिसकेपछि यो सन् १९९० सेप्टेम्बर २ तारेखका दिन देखि लागू भएको हो । विषेश गरेर बालअधिकारलाई एउटै आदर्श र घोषणापत्रमा मात्र सीमित नराखी यसलाई विकासको आधारभूत आन्दोलनको रुप दिनलाई समेत यस महासन्धिको प्रतिपादन भएको हो । बालबालिकाहरु संसारको जुनसुकै ठाउँमा जन्मे हुर्के पनि उनीहरुको आधारभूत अधिकार एवं आवश्यकता भनेको माया, ममता, समझदारी, संरक्षण, स्वास्थ्य, शिक्षा र पोषण नै प्रमुख हुन् । अतः प्रत्येक राज्यले आफ्ना भावी सन्ततिको उज्वल भविष्यको निम्ति विशेष चासो लिउन् भन्ने मनसायले यो महासन्धि बनेको हो । यस महासन्धिलाई नेपालले पनि १४ सेप्टेम्वर, १९९० मा अनुमोदन गरिसकेको छ । यस महासन्धिलाई विश्वका सम्पूर्ण राष्ट्रहरु द्वारा अनुमोदन गराउने लक्ष्य राखिए अनुसार सन् २००० सम्ममा अनुमोदन गर्ने राष्ट्रहरुको संख्या १ सय ९७ पुगिसकेको छ । अनुमोदन गर्ने राष्ट्रहरुको निम्ति यो महासन्धि एक अन्तर्राष्ट्रिय कानून हो । तसर्थ यस महासन्धिमा उल्लेखित कुराहरुलाई आफ्नो राज्यमा लागू गर्नु प्रत्येक राष्ट्रको कानूनी दायित्व समेत हो ।

खास गरी बालअधिकार सम्बन्धी महासन्धिका अनुसार प्रत्येक बालबालिकालाई बिनाभेदभाव, बिनापक्षपात सम्पूर्ण अधिकारहरु उपलब्ध गराउनुपर्दछ । कुनैपनि बालबालिकालाई निजका वा यसका आमाबाबु, अभिभावकको जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारहरु, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता जन्म वा अन्य हैसिएतका आधारमा कुनैपनि भेदभाव गर्नु हुँदैन र समान रुपमा सम्मान गर्नुपर्दछ । बालबालिकाको निम्ति गरिने प्रत्येक कार्यहरुमा बालबालिकाको सर्बोत्तमहितलाई ध्यानमा राखी सार्वजनिक वा कल्याणकारी संस्थाहरु, अदालत प्रशाशसनिक निकाय लगायत सबैले बालबालिका संग सम्बन्धित कामकुरा गर्नुपर्दछ । साथै उक्त कार्य गर्दा बालबालिकाको हितलाई पहिलो प्राथमिकता दिनुपर्दछ । प्रत्येक बालबालिकाको बाँच्न पाउनु जन्मसिद्ध  अधिकार हो । बालबालिकाको दीर्घजीवन र विकासका निम्ति राज्यले यथासम्भव बढी भन्दा बढी प्रयास गर्नु पर्दछ । बालबालिकासंग सम्वन्धित विषयमा उनीहरुले आफ्नो विचार व्यक्त गर्न पाउनुपर्दछ । बालबालिकाको विचार र भावनाको कदर गर्दै उनीहरुको उमेर र परिपक्कता अनुसार उचित मान्यता पनि दिइनुपर्दछ । बालबालिकालाई पनि समाजको अभिन्न अंग मानी हरेक गतिविधि र क्रियाकलापमा सहभागी गराउनुपर्दछ ।

बालअधिकारका यिनै आधारभूत सिद्धान्तलाई महासन्धिले ४ भागमा वर्गिकरण गरी अझ विस्तारमा समेटेको छ । जस अनुसार बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षण पाउने अधिकार, विकास गर्ने अधिकार तथा सहभागी हुने अधिकार । बालबालिकाको बाँच्न पाउने अधिकार अन्तर्गत बालबालिका आमाको गर्भमा रहेदेखिनै सुरक्षित हुन गर्भवती महिलाको विशेष स्याहार एंव बालबालिकाको सुरक्षित जन्म हुनुपर्दछ । बालबालिका जन्मिसके पछि पौष्टिक आहार र आवास, स्वास्थ्य, स्वच्छ वातावरण, सफापानी, खोप तथा प्राथमिक उपचार लगाएतका आधारभुत कुराको व्यवस्था हुनुर्पदछ । त्यसैगरी संरक्षण पाउने अधिकार अन्तर्गत बालबालिकाको भेदभाव, शोषण, दुर्व्यवहार, अपहेलना, उत्पीडन एंव

हानिकारक काम तथा युद्धमा संलग्न हुनु पर्ने स्थिति, ओसार पसार तथा बेचबिखन र आमाबाबुबाट अलग्गिनुपर्ने लगाएतका जोखिमपूर्ण स्थितिबाट सुरक्षित हुनु पाउनुर्पदछ । अपाङ्ग तथा अनाथ बालबालिकाको निम्ति विशेष व्यवस्था हुनुपर्दछ । सम्पूर्ण बालबालिकाहरूलाई कानुनि संरक्षण समेत प्राप्त हुनुपर्दछ ।

सोही अनुसार बालबालिकाको बिकास गर्ने अधिकार अन्तर्गत स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने, मनोरञ्जन, खेल र आराम गर्ने , बाबु आमाको समान माया ममता पाउने, उचित स्वास्थ्योपचार लगाएतका उचित जीवनस्तरका निम्ति चाहिने एंव बालबालिकाको शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसरहरू प्राप्त गर्ने अधिकार सबै बालबालिकाको जन्मसिद्ध अधिकार अन्तर्गत पर्दछ । सहभागी हुने अधिकार अन्तर्गत बालबालिकाको जीवनमा प्रभाव पार्ने नीति निर्णयहरुमा आफ्ना कुराहरु सुनुवाई गर्ने र सो विचारको कदर गरिनुपर्ने, रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलापहरु तथा जीवनका हरेक पक्षमा बीना रोकटोक र विना भेदभाव सहयोगी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुने कुनै पनि कुराको जानकारी राख्न र अभिव्यक्त गर्न, संघसंस्था खोल्न वा सहभागी हुन पाउने लगाएतका अधिकारहरु सबै बालबालिकाहरुले पाउनुपर्ने कुरा उल्लेख गरिएको छ ।

त्यसैगरी मुलुकका विभिन्न क्षेत्रमा बालबालिकाले सामना गर्नु परिरहेका हेंला र दुर्व्यवहारका बिरुद्ध बालबालिकाको संरक्षणको लागि आवश्यक मापदण्ड निर्धारण गर्नु बाल अधिकार सम्बन्धी महासन्धिको प्रमुख उदेश्य हो । बालअधिकारको संरक्षण गर्ने क्रममा राज्यहरु बीच रहेको विभिन्न किसिमका सांस्कृतिक, राजनैतिक तथा भौतिक यथार्थहरुलाई समेत मान्यता दिइनुपर्दछ । तर विद्यमान राष्ट्रिय कानूनहरुको कुनैपनि कुराहरु महासन्धिको भावनासँग बाझिनु हुँदैन । महासन्धिमा उल्लेखित बालअधिकार सम्बन्धी मापदण्ड भन्दा राष्ट्रिय कानूनमा अझै प्रगतिशिल कुराहरु कायम गरिएको भए त्यसलाई जारी राख्नुपर्दछ । निरन्तर रुपमा बालबालिकाको हितलाई कायम राख्नुनै यस महासन्धिको मार्गदर्शक सिद्धान्त हो ।

❖